**कार्यपालिका बैठक सख्या- १३** मितिः- २०८२।०१।१४

**निर्णयहरु**

**निर्णय नं.१-** मिति २०८१।१२।२७ गतेको बैठक नं.१२ का निर्णयहरु उपर समिक्षा तथा छलफल गरियो ।

**निर्णय नं.२-** अर्थ मन्त्रालय, लुम्बिनी प्रदेश सरकार तथा प्रदेश योजना आयोगबाट सूचना आहवान भए बमोजिम समपुरक तथा विशेष अनुदानको लागि कार्यविधिमा तोकिएको रकम लागत साझेदारी गर्ने गरी निम्न योजनाहरु माग गर्ने निर्णय गरियो ।

- समपुरक तर्फः-
  १. गणेशपुर-ढोढरी-खुरुहुरिया-प्रेमनगर सडक स्तरोन्नती वडा नं.७ क्रमागत ।
  २. छुटपाटी, थरौली, बनखेत, नयाँवस्ती सडक स्तरोन्नती तथा कालोपत्रे वडा नं.१
- विशेष अनुदान तर्फः-
  १. शिक्षा क्षेत्रमा सुधारका लागि व्यवस्थापकिय र प्राविधिक सहयोग ।
  २. खुरुहुरिया स्वास्थ्य चौकीमा वर्थिङ सेन्टरको भवन निर्माण विजयनगर-५

**निर्णय नं ३-** गाउँपालिका भित्र विभिन्न स्थानमा सडकबत्ती जडानका लागि रु.२,९०,०००।– (दुइ लाख नब्बे हजार रुपैयाँ) मागमा आधारित साना पूर्वाधार कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४-** नेपाल सरकार सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत आ.व. २०८२।०८३ का लागि तपसिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

१. पत्थरदेईया स्वास्थ्य चौकी भवन निर्माण ।
२. नेवलागंज देखि नौडिहवा, गोवरहवा सडक स्तरोन्नती तथा कालोपत्रे वडा नं.१ ।
३. दत्तपुर हुलाकी सडक देखि सिसहवा हुँदै पर्सोहिया आयुर्वेद औषाधालय जोडने सडक ।

**निर्णय नं ५-** विजयनगर गाउँपालिका वडा नं १ बनखेतमा रहेको भगिरामपुर खानेपानी आयोजना निर्माण गर्ने क्रममा नेपाल सरकार संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना बुटवल रुपन्देही र केन्द्रिय खानेपानी आयोजना कार्यालय पानी पोखरी काठमाडौँको नियमानुसार लागत सहभागिता गर्न गाउँपालिकाको प्रतिवद्धता निर्णय गरियो ।

**निर्णय नं.६-** स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत स्विकृत योजनाको ठेक्का व्यवस्थापन बाट बचत रकम र गाउँपालिकाको साझेदारी समेत बाट रु २० लाख मा नबढने गरी अर्रा खोला तटबन्ध निर्माण योजना सिलबन्दी कोटेसन माग गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७-** मिति २०८१।१०।२३ गतेको कार्यपालिका बैठक संख्या ९ को निर्णय नं ९ क्र.सं ३ मा भगिरामपुर टोल विकास सांस्था द्धारा नवौं गौरिघाट लोक संस्कृति पर्यटन तथा खेलकुद मेला संचालन सहयोगका लागि चाडपर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण बाट रु २०००००।– (अक्षरुपि दुई लाख रुपैयाँ) विनियोजित गरिएकोमा हाल उक्त शिर्षकमा बजेट नभएकाले मागमा आधारित साना पूर्वाधार शिर्षक बाट रकम भुक्तानि गर्ने निर्णय गरियो ।

**निर्णय नं.८-** मिति २०८१।१२।२७ गतेको कार्यपालिका बैठक सख्या १२ को निर्णय नं.६ क्र.सं. ३ मा श्री जनज्योती आ.वि. विजयनगर-४ शंकरपुरको कोठाको छाना परिवर्तन (टिनको छाना) का लागि रु.२ लाख विनियोजन भएकोमा कोठाको छाना परिवर्तनलाई संसोधन गरी **श्री जनज्योती आ.वि. को विद्यालय भवनको छाना परिवर्तन तथा झ्याल ढोका मर्मत**कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९-** आ.व.२०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट अन्तर्गतको क्र.सं.३४२ खर्च शिर्षक २२५२९ मा रहेको **किशोर किशोरहरुलाई रुपान्तरण** शिर्षकलाई संसोधन गरी वडा नं.५ भित्र खेलकुद सामाग्री वितरण कायम गर्ने निर्णय गरियो ।

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

विजयनगर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, खुरुहुरिया कपिलवस्तु, लुम्बिनी प्रदेश

आ.व.२०८१।०८२
गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

**कार्यपालिका बैठक सख्या- १३** मितिः- २०८२।०१।१४

**निर्णय नं.१०**:-निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिलः-**

| क्र. सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | युवा अमन सामाजिक विकास केन्द्र | कृष्णनगर नगरपालिका | कपिलवस्तु प्रिमियर कप प्रतियोगिता २०८१ सयोगार्थ | रु. ३०,०००।- (तिस हजार रुपैयाँ मात्र) | खेलकुद सहयोग कार्यक्रम |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृष्णनगर कपिलवस्तु लुम्बिनी प्रदेश

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

आ.व.२०८१।०८२